*समृद्धिका लागि संचार*

जि.प्र.का. नवलपरासी
द.नं.- ५/२०७३/०७४

# नमुना सन्देश

साप्ताहिक

जि.हु.का. नवलपरासी द.नं.- १२/२०७३/०७४

**ट्वाईलेट सफा गर्नु परेमा**

सबैभन्दा बढी क्षमता भएको लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक मेसिनद्धारा ५ मिनेटमै सेफ्टी टंकी ,रिङ्ग खाली गरिन्छ। ट्वाइलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ।

**यो सुविधा नवलपुर क्षेत्र भरीनै दिइने छ ।**

*संचालक : नारायण गिरी* *फोन : ०७८-४१०१४१*

**चोरमारा सेनेटरी**
मध्यबिन्दु ७ चोरमारा नवलपरासी
मो. ९८६७८४४५६४, ९८१२९२११३० र ९८१५४५७५२९

बर्ष: 03 | अंक: १४ | बुधबार, ५ मंसिर २०७५ | Wednesday, 21 November 2018 | पृष्ठ संख्या: ६ | मुल्य रू. १०/-

# कावासोतीको बसपार्क अब कता ?

## बसपार्क बनाउने ठाउँमा रंगशालाको शिलान्यास

**तिर्थराज डुम्रे**

कावासोती । नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को सदरमुकामको कावासोतीमा बसपार्क निर्माणको लागि डिपीयार तयार भएको स्थानमा रंगशालको शिलान्यास भएको छ। बसपार्क निर्माणको लागि डिपीयार तयार भएर निर्माण ठेक्का समेत लागेको सो स्थानमा शनिबार डणावर देवी सांस्कृति रंगशाला निर्माणको लागि शिलान्यास गरिएको छ। रंगशाला शिलान्यास राष्ट्रिय युवा परिषद् नेपालका कार्यकारी अध्यक्ष माधव ढुंगेलले गरेका हुन्। रंगशाला निर्माणको लागि शिलान्यास भएपछि बसपार्क निर्माणमा अन्यौलता छाएको छ।



कावासोती नगरपालिकाले आर्थिक बर्ष २०७५/०७६ मा तत्कालको लागि शौचालय, ४ वटा पसल, खोला तटबन्धन र बाटोको ट्र्याक निर्माण गर्न देबचुली निर्माण सेवालाई ठेक्का दिई सकेको छ। नगरपालिकाले हाल सम्म डिपीयार निर्माणमा बिज्ञापन सहित ३ लाख ५० हजार खर्च गरिसकेको छ। नगरपालिकाले डिपीयार तयार गरेर निर्माण ठेक्का समेत लगाएको स्थानमा रंगशाला निर्माण शुरु भएपछि अब नगरपालिकाको बसपार्क कता बन्ने भन्ने अन्यौलता देखिएको छ। २०७३ साल पुषमा बसेको नगरपालीकाको चौथो नगर परिषद देखी बसपार्कको चर्चा शुरु भएको थियो। तर, नगरपालिकाले हाल सम्म बिबाद कै कारण बसपार्क निर्माणको ठोस काम अगाडी बढाउन सकेको थिएन्। शुरुमा कावासोती ३ को पुर्बपश्चिम रार्जमागमा रहेको डण्डा जोडने पुलको उत्तर तर्फ पर्ने गरी बसपार्क बनाउन तयारी गर्दा उक्त क्षेत्रमा बिबाद आएपछि बसपार्क कावासोती १४ मा बनाउने निणर्य भएको थियो। राष्ट्रिय युवा परिषद् नेपालका कार्यकारी अध्यक्ष माधव ढुंगेलले रंगशाला निर्माणको शिलान्यास गर्दा नगरपालिकाले थाह पाएन वा थाह भएरपनि त्यसलाई रोकेन भन्ने बिषय अझ चर्चा बनेको छ।

कावासोती नगरपालिकाका उपप्रमुख प्रेमशंकर मर्दनियाले रंगशाला निर्माणको बिषय समाचारमा सुनेपछि थाह भएको बताए। कावासोती नगरपालिकाले ४२ रोपनी क्षेत्रफलमा पाँच वर्षको अवधिमा १३ करोड ७३ लाख ६३ हजारमा अत्याधुनिक बसपार्क बनाउन योजनाका साथ पहिलो वर्ष ठेक्का लगाएको थियो। तर, रंगशाला निर्माणको लागि शिलान्यास भएपछि भने नगरपालिकाको योजना अलपत्र पर्ने देखिएको छ। २ बिगाह १८ कठ्ठा क्षेत्रफलमा स्थानीय स्रोतसाधन र एनआरएनको सहयोगमा करिब १ करोड ५७ लाखको लागतमा रंगशाला निर्माण गर्ने लक्ष्यका रंगशाला शिलान्यास गरिएको रंगशाला निर्माण समितिका सदस्य ईन्द्रबहादुर महतोले जानकारी दिए। दुई हजार ५ सय दर्शक क्षमताको प्याराफिटसहितको रंगशालामा तत्कालै प्रवेशद्वार निर्माणको काम सुरु गरिने महतोले बताए।

जनकल्याण युवा क्लबका अध्यक्ष नारायण थनेतको अध्यक्षतामा भएको शिलान्यास कार्यक्रममा खेलकुद विकास समिति नवलपुरका अध्यक्ष विकास केसी समेत सहभागिता रहेको थियो।

नगरपालिकाले बसपार्क बनाउने भनेको स्थानमा रंगशाला शिलान्यास भएपछि बसपार्क निमार्ण हुने कता भन्ने अन्योलता भएको हो। यसो हुनुमा नगरपालीकाको दोष रहेको रंगशाला निमार्ण समितिका अध्यक्ष तिलक राम महतोको आरोप छ। स्थानिय संग रायबिना नै बसपार्क बनाउन खोज्दा यस्तो भएको उनले बताए।

# नेपाल मानव अधिकार वर्ष पुस्तकको

## पूर्व समिक्षा कार्यक्रम सम्पन्न

**भविश्वर पाण्डे**

कावासोती । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नवलपरासी (बर्दघाट सुस्ता पूर्व)ले नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ का लागि सक्तलित घटनाको समीक्षा मंगलबार गते कावासोतीमा गरेको छ।

समिक्षा कार्यक्रममा जिल्लामा २०७४ पुस १७ गते देखि २०७५ मंसिर ३ गते सम्म संकलन गरिएको ६४ वटा घटना विवरण प्रस्तुत गरिएको थियो। जसमा सबै भन्दा बढी बलात्कार तथा यौन दुर्व्यवहारको ३१ वटा घटना रहेको इन्सेक जिल्ला प्रतिनिधि तिर्थराज डुम्रेले बताए। ३१ वटा बलात्कार तथा यौन दुर्व्यवहारको घटनामा २२ वटा बालिका बलात्कार तथा यौन दुर्व्यवहारको घटना इन्सेक नवलपरासी (बर्दघाट सुस्ता पूर्व)ले अभिलेखिकरण गरेको छ। ३१ वटा घटनामा ६ वटा घटनाका आरोपितलाई भने जिल्ला अदालत नवलपुरले सफाई दिएको र अन्य आरोपितहरु मध्ये केहीलाई कैद सजाय फैसला भएको छ भने बाँकी मुद्दाहरु अदालतमा बिचारधिन छन्। त्यस्तै घरेलु हिंसामा १४ वटा, राज्यबाट गिरफ्तार सम्बन्धी ३, गैरराज्य पक्षबाट हत्या भएका सम्बन्धी ६, मौलिक अधिकार सम्बन्धी १, कुटपिट सम्बन्धी १, एसिड प्रहार सम्बन्धी १, बहुबिबाह सम्बन्धी ३, मानव बेचबिखन सम्बन्धी १, परिवारजनबाट हत्या प्रयास सम्बन्धी १ मुद्दा र भौतिक क्षति सम्बन्धी एक मुद्दाको अभिलेखिकरण भएको डुम्रेले बताए।



कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिति नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का अध्यक्ष चेसराम आलेले मानव अधिकार उल्लंघनको घटना रोक्न स्थानीय तहबाटै पहल थालिनु पर्ने बताए। उनले जिल्ला तहमा गरिने यस्ता समिक्षा कार्यक्रमहरुलाई स्थानीय तहमा केन्द्रीत गर्न सुझाव दिए।

निमित्त प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले बढ्दो बलात्कार लगायतको घटना न्यूनिकरणको लागि सबै पक्ष एक हुन आवश्यक रहेको बताए।

उनले बिचमा नै मिलापत्र हुने र बिभिन्न कारणले बाहिर नआउने घटनालाई बाहिर ल्याउन आवश्यक रहेको बताए।

प्रहरी उपरिक्षक रमेश थापाले नागरिक समाज, राजनितिक दल र पीडित पक्ष सबैको सहयोगबाट मात्रै मानव अधिकार उल्लंघनका घटनाहरु कम गर्न सकिने औंल्याए। चेतनाको कमीले केही घटनाहरु प्रहरीमा ढिला गरि आउने गरेको अनुभव उनले सुनाए। कावासोतीमा असोज २७ गते बालिका बलात्कार भएको घटना कात्तिक २७ गते दर्ता भएको बिषयलाई उल्लेख गर्दै थापाले भने "परिवारका सदस्यहरु निरक्षर हुदा बालिका बलात्कार भएको बिषय एक महिना पछि त्यो पनि विद्यालयका शिक्षक, शिक्षिकाले थाहा पाएपछि बल्ल दर्ता भयो। जन स्तरमा अझैपनि चेतना पुर्‍याउन जरुरी छ।"

मानव अधिकार सञ्जाल नवलपुरका अध्यक्ष भुपेन्द्र खनालले पीडित पक्षको उजुरी प्रहरीले सहज रुपमा लिने वातावरण सृजना गर्न आवश्यक भएको बताए। प्रहरीमा आउने सबै उजुरी प्रहरीले दर्ता गर्नु पर्छ। अनि त्यस बिषयमा प्रहरीले अनुसन्धान थाल्नु पर्छ। उनले भने "झुठो उजुरी हुन सक्ने भन्दै प्रहरीले जाहेरी लिन मान्दैन्। जबकी झुठो उजुरी दिनेलाई पनि त कारवाही हुने कानुन छ नी। अनि फेरी किन उजुरी दर्ता गर्न प्रहरी पछि पर्छ।"

समिक्षा कार्यक्रममा जिल्लामा क्रियाशिल मानवअधिकार सम्बन्धी संस्थाका प्रतिनिधि, पत्रकार लगायतकाको उपस्थिति थियो।

**सादर निमन्त्रणा**

"नमो तस्स भगवतो अरहतो सम्बुद्धस्स"
मानव हित र सम्पूर्ण प्राणी जगत कल्याणको लागि



बौद्ध धर्मको महान ग्रन्थ
त्रिपिटक (कङ्ग्यूर) पाठवाचन महापूजा -२०७५

मंसिर १ गते देखि संचालन भैरहेको सर्वधर्म मिलन कार्यक्रम बौद्ध धर्म, हिन्दु धर्म, इस्लाम धर्म, क्रिश्चियन धर्म, राधा स्वामी, साइराम, ओमशान्ति, आत्मज्ञान, मानव धर्म लगाएत सबै धर्मगुरूहरूबाट प्रवचन हरेक दिन भैरहेछ । आजै उपस्थित भै पुण्य आर्जन गर्नुहुन सम्पर्ण धर्मका धर्मावलम्वी धर्मानुरागी महानुभावहरूमा हार्दिक निमन्त्रणा गरिन्छ ।

**२०७५ मंसिर १ गते देखि ७ गते सम्म**

आयोजक :
**श्री बरचुली बौद्ध गुम्बा**
कावासोती नगरपालिका वडा नं. ३, थकालीचोक, नवलपुर
*आवश्यक सहयोगका लागि ९८१६४७०४८८*

**स्वर्णमहोत्सव तथा धनधान्याचल ज्ञान महायज्ञ**



नेपालका प्रथम ऐतिहासिक जगद्गुरू अनन्त श्री विभुषित श्री बालसन्त मोहनशरण देवाचार्य महाराज श्री



प्रखर भागवत वाचक श्री अच्युतशण लम्साल शास्त्री

**स्वर्णमहोत्सव तथा धनधान्याचल ज्ञान महायज्ञ मुल समारोह समिति**
श्री त्रिभुवन बाल माध्यामिक विद्यालय
कावासोती-१७, ढोकी,नवलपुर,गण्डकी प्रदेश
सम्पर्क ९८५७०२३१७३ ( अध्यक्ष/ संयोजक)
९८५७०४०१९६ (प्रधानाध्यापक/ सचिब)

**२०७५ मंसिर ११ देखि १९ गते सम्म**

।।ॐ श्रीपरमात्मने नमः।।
'पिवत भागवतं रसमालयम'

आउनुहोस्, सहभागी हुनहोस्, पुण्य लाभ लिनुहोस् ।




**हार्दिक निमन्त्रणा**

मिति २०७५ साल मंसिर ३ गतेदेखि ११ गतेसम्म श्री शान्ति आधारभूत विद्यालय मध्यविन्दु न.पा.-१, सेतापानीलाई जिल्ला कै नमूना विद्यालय बनाउने उद्देश्यले अन्तराष्ट्रिय ख्यातिप्राप्त यूवा विद्वान श्री चैतन्यकृष्ण माहाराजजीको मुखारवृन्दबाट संगीतमय लीलामय धारावाहिक कथा प्रवचन गरी असहाय बालबालिकाहरुलाई आवसीय सुविधा उपलब्ध गराउनको लागि तपसिलको मिति, समय र स्थानमा धनधान्याचल कार्यक्रम हुने भएकाले उक्त कार्यक्रममा सहभागी भई आध्यात्मिक तथा सामाजिक पूण्य कमाउनु हुन हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम**

१. २०७५ मंसिर ३ गते शान्ति कलश शोभा यात्रा बिहान १० बजेदेखि ।
२. २०७५ मंसिर ३ गते १:०५ बजे समुद्घाटन ।
३. २०७५ मंसिर ४ गतेदेखि १० गतेसम्म बिहान ८ बजेदेखि साँझ ४ बजेसम्म संगीतमय लीलामय निरन्तर धाराबाहिक गीता प्रवचन तथा राष्ट्रिय कलाकारहरुद्वारा भक्ति, संगीत र झाँकी प्रदर्शन ।
४. दैनिक १२ बजेदेखि १ बजेसम्म अतिथि आसन ग्रहण ।
५. आमन्त्रित व्यक्तित्वहरुको आर्शीवचन ।
६. तुलादान, भूमिदान र नगद दानबिरहरुको सम्मान ।
७. २०७५ मंसिर ८ गते छोरी ज्वाई सम्मेलन ।
८. २०७५ मंसिर १० गते बेलुका लक्ष्यवर्तिका प्रज्जवलन ।
९. साँझ ७ बजेदेखि ९:३० बजेसम्म प्रत्येक दिन दिव्य प्रवचन र नेपालको नाट्य सम्राटद्वारा झाँकी प्रदर्शन ।
१०. २०७५ मंसिर ११ गते १२ बजे समापन कार्यक्रम ।

स्थानः
मध्यविन्दु न.पा. १ सेतापानी, नवलपुर

प्राथीः
मूल आयोजक समिति
धनधान्याचल गीताज्ञान विज्ञान शैक्षिक महोत्सव
एवम् विद्यालय परिवार